## ११

*[संवत् २०४७ सालको 'मदन पुरस्कार' 'मृत्युञ्जय' भन्ने ग्रन्थको लागि श्री भानुभक्त पोखरेललाई समर्पण गर्न संवत् २०४८ साल आश्विन २५ गते रोज ६ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद-ज्ञापन । यो धन्यवाद-ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १२८ बाट उद्धृत गरिएको हो । स्मरणीय छ, सोही सालको पुरस्कार 'जगदम्बा-श्री' प्राप्त गर्ने सिक्किमका तत्कालीन मुख्य मन्त्री श्री नरबहादुर भण्डारी उक्त समारोहको दिन केही प्राविधिक कारणवश उपस्थित हुन सक्नुभएन । यो समारोह पछि र अर्को वर्षको समारोह हुनुभन्दा अगाडि संवत् २०४९ साल आषाढ २९ गतेका दिन मदन पुरस्कार गुठीका तत्कालीन अध्यक्ष श्री केदारमणि आ.दी.को स्वर्गारोहण भएपछि संवत् २०४९ साल श्रावण १४ गते रोज ४ का दिन बसेको गुठीको साधारण सभाले गुठीका तत्कालीन सदस्य-सचिव श्री कमलमणि आ.दी.लाई अध्यक्षमा मनोनित गरेबाट ('नेपाली' अङ्क १३२ पृष्ठ १ र ३) यो धन्यवाद ज्ञापन नै सदस्य-सचिवको हैसियतबाट उहाँले गर्नुभएको अन्तिम धन्यवाद-ज्ञापन थियो । सोही दिनको गुठीको सभाले यसरी रिक्त हुन आएको सदस्य-सचिव पदमा श्री विष्णुप्रसाद घिमिरेलाई मनोनित गरेबाट तत्पश्चात्को समारोहमा धन्यवाद-ज्ञापनको कार्य श्री घिमिरेले गर्नुभएको थियो ।]*

अध्यक्ष महोदय तथा बन्धुहरू !

लक्ष्य गर्नुभयो होला यो समारोह सधैँभन्दा केही फरक किसिमले भयो (पहिलो फरक त यही भयो मैले पनि 'महत्त्वपूर्ण व्यक्ति' भी.आई.पी., भएर छापिएको भाषण पढ्दै छु) । यसभन्दा पनि अरु फरक हुने थियो यो, तर त्यो सबै यसैपटक गर्न सकिएन, अर्को साल होला । यो नयाँ सल्लाह सुझाव डाक्टर सुन्दरमणि दीक्षितको हो । म उनलाई धन्यवाद दिन्छु । समारोहस्थल पनि अर्को साल अन्यत्रै हुनेछ । समारोह खर्चका लागि अक्षयकोष स्वरूप डेढलाख रुपियाँ अध्यक्षज्यूबाट नीजि तौरमा

प्रदान गर्नुभएको कुरा समाचारमा तपाईंहरूले पनि पढ्नुभएको होला । त्यसरी गुठीलाई रकम दान गर्नुभएकोमा गुठीका तर्फबाट अध्यक्षज्यूमा धन्यवाद ज्ञापन गर्दछु ।

गुठीका संस्थापिका रानी जगदम्बाकुमारीदेवीका जीवनकालभरि 'मदन पुरस्कार' समर्पण गर्ने कार्य उहाँबाटै हुन्थ्यो । उहाँको स्वर्गवास भएपछि तीन वर्ष यो पुरस्कार सरकार-प्रमुख, देशका प्रधानमन्त्रीका हातबाट समर्पण हुने गऱ्यो । यसपटक हाम्रो मोहभङ्ग भएको छ । साहित्यिक, सांस्कृतिक कार्यमा सत्ताधारीहरूलाई संलग्न गराउनु उचित हुँदो रहेनछ भन्ने लाग्यो । हामीलाई यसरी आँखा खोलिदिने प्रशासनिक निकायको गुन मान्दै उहाँहरूलाई धन्यवाद भन्छु । अबदेखि पुरस्कार समर्पण गर्ने कार्य सकेसम्म कविलेखक कलाकारहरूकै करकमलद्वारा गर्ने गराउने हामीले अठोट गरेका छौं । यसमा हामीलाई तपाईंहरूको आशीर्वाद प्राप्त होस् !

'मदन पुरस्कार'लाई 'मदन पुरस्कार' बनाइदिने हाम्रा आदरणीयहरूलाई म यस अवसरमा विशेष धन्यवाद टक्रयाउँदछु । हाम्रो यहाँबाट यो सानो नाङ्ली लिएर जाने आजसम्म जम्मा ४६ जना हुनुहुन्छ– हामीले आरतीस्याँउली गरी अभ्यर्थना गरिएका विद्वान्-विदुषीहरू । अब त बरु नाङ्ली मात्र भनेर पनि पुग्दैन होला, यी किस्ती लिएर जाने पनि चार जना भैसक्नुभयो । तपाईंहरूले, (उहाँहरूले) यी पुरस्कार स्विकारिदिएर नै हो हामी हामी भएका– देशविदेशमा विख्यात भएका । मदन पुरस्कार गुठीको गरिमा बढाउने नै हाम्रो पुरस्कारविभूषित महानुभावहरू हुनुहुन्छ । गुठीका तर्फबाट हाम्रा विभूतिहरूलाई म धन्य भन्छु ।

आज हाम्रो नाङ्ली उठाउने सच्चालीसौं विद्वान् मृत्युञ्जयी महाकवि भानुभक्त पोखरेललाई म साधुवाद गर्छु ।

उहाँले हाम्रो पुरस्कारका लागि पुस्तक पठाइदिएर हामीलाई प्रोत्साहित गर्नुभएको छ । कविज्यू, गुठीको तर्फबाट तपाईंलाई धन्यवाद !

त्रिभुवन विश्वविद्यालयका उपकुलपति केदारभक्त माथेमाज्यूले व्यक्त गर्नुभएको सारगर्भित उद्गारबाट हामी कृतकृत्य भएका छौं । गुणग्राही विद्वान्बाट हामीले पाएको गुणानुवादका शब्दलाई हामीले उच्चस्तरीय परीक्षाको प्रमाणपत्रभन्दा पनि महत्त्वपूर्ण मानेका छौं । उपकुलपतिज्यू, हाम्रो धन्यवाद स्वीकार होस् ।

हाम्रा ग्रन्थ-परीक्षकहरूले अज्ञात रहेर पनि हामीलाई जसरी सहयोग गर्नुभएको छ, त्यसको म यस अवसरमा कृतज्ञतापूर्वक स्मरण गर्न चाहन्छु । मेरा धन्यवादका यी शब्द हावाले, इथरले उहाँहरूसम्म पुऱ्याइदेवस् !

डा. वासुदेव त्रिपाठीको पनि म गुन मान्छु । आज उहाँले मेरो काम धेरै हल्का पारिदिनुभएको छ । यसपटक 'मदन पुरस्कार' तथा 'जगदम्बा-श्री' प्राप्त गर्ने विद्वान्हरूका

बारेमा सूक्ष्म रूपमा उहाँले जुन गहकिलो विश्लेषण गरिदिनुभयो, त्यसबाट उहाँहरू पुरस्कृत हुने औचित्य स्पष्ट भएको छ भन्ने मलाई लाग्छ । यस समारोहमा गुठीका तर्फबाट बोल्ने अभिभारा बोकिदिएकोमा डा. त्रिपाठीलाई धेरै धन्यवाद छ ।

'मदन पुरस्कार' तथा 'जगदम्बा-श्री'बारे लेखिदिने, बोलिदिने मिडिया-जगत्‌लाई पनि हामी धन्यवाद भन्छौँ । राम्रो नराम्रो, ठीक बेठीक जे भने पनि हामीलाई सम्झेर हामीलाई दुनियाँका कान आँखासम्म पुऱ्याइदिने, देश-विदेशका पत्रपत्रिकाहरूले हाम्रो गुन गर्नुभएको छ । यो परमपरा नटुटोस् भन्ने हाम्रो आग्रह छ ।

मदन पुरस्कार पुस्तकालयले आफ्नो प्रकाशन 'म. पु. पु. को पाना' बिक्री वितरण गर्न आजका दिनलाई छानेकोमा पुस्तकालयलाई पनि धन्यवाद दिनुपर्थ्यो मैले तर त्यो धन्यवाद फर्केर आई आफैमाथि थोपरिने डर भएकाले त्यसलाई अहिले थाती राखूँ कि भन्छु । बरु, त्यस पुस्तकको पहिलो प्रति किनिदिनुभएकोमा श्रद्धेय केदारभक्तज्यूलाई पुन: धन्यवाद अर्पण गर्दछु ।

आजको समारोह सञ्चालन गर्ने अभिभारा बोकिदिएकोमा मैले श्रीमती रूपा जोशीलाई पनि धन्यवाद दिनुपर्छ । दिव्य ३५ वर्ष भयो मैले त्यो कार्य गर्दै आएको । आज त्यसबाट अवकास लिन पाएकोमा मलाई हलुका भएको छ । त्यसै गरी गुठीका अन्य कार्य पनि बिस्तारै तन्नेरी काँधहरूमा सर्दै जानु उचित हो भन्ने मलाई लाग्छ ।

धन्यवाद दिने क्रममा यो पाल टाँग्ने र माइकको व्यवस्था गर्नेहरूलाई, यी मेचहरू ओसार्नेहरूलाई पनि बिर्सनुहुन्न होला । सबैलाई, यथायोग्य धन्यवाद छ । अर्का एकथरीलाई पनि हामीले विशेष धन्यवाद दिनुपर्छ । सजिलोसँग बजारबाट किनेर ल्याई खानेकुरा सजाइदिनु सट्टा आफ्नै हातले पक्वान्न, खाजाहरू बनाई पस्कने हाम्रो महिला विभागलाई तपाईंहरू सबैका तर्फबाट समेत धन्यवाद भन्यो भने अर्घेलो नठहरिएला !

अन्त्यमा, (हो अन्त्यमा भने पनि यसभन्दा पछि पनि मैले धन्यवाद दिनुपर्ने बाँकी रहेकाले अन्त्यमा नभनूँ) सबभन्दा बढी धन्यवाद आज यहाँ उपस्थित भैदिने तपाईंहरूलाई नै छ । तपाईंहरू उपस्थित नभइदिएको भए हामी के गर्थ्यौं ? धन्यवादको औपचारिकताबाहेकै अर्को एउटा कुरा थप्ने अनुमति चाहन्छु– तपाईंहरू यहाँ तपाईंहरू मात्र नभएर एउटा प्रतीक हुनुभएको छ । यो सानो चोकमा सानो सङ्ख्यामा जम्मा भएका तपाई विद्वान्-विदुषीहरू नेपालका तमाम र नेपाल बाहिरका पनि नेपाली बुद्धिजीवी, साहित्यिक, कविलेखकहरूको प्रतिनिधि स्वरूप हुनुहुन्छ । तपाईंहरूमा हामी नेपाली भाषाप्रेमी प्रत्येकको प्रतिमूर्ति देखिरहेछौँ । त्यसैले मदन पुरस्कार गुठीका तर्फबाट अभिवन्दना र धन्यवाद छ तपाईंहरू सबैलाई !

मैले अघि धन्यवाद दिन बाँकी छ भनेको श्री नरबहादुर भण्डारीलाई हो। उहाँले हामीलाई अन्योलमा नराखिदिनु भएकोमा उहाँलाई धन्यवाद भन्छु। उहाँले अक्टोबर ५ तारीख (१८ असोज) मा गुठीका अध्यक्षज्यूलाई पठाउनुभएको चिठी आजै मात्र हात पर्‍यो। त्यसअघि उहाँले मलाई दिल्लीबाट एउटा चिठी लेख्नुभएको थियो[1] अगष्टको २४ तारिख (भदौ ८) मा। ती दुवै चिठी म यहाँ पढेर सुनाउँछु। त्यसबाट सबै कुरा खुल्नेछ। नरबहादुरज्यू यस 'जगदम्बा-श्री'को सम्मानबाट त्यति प्रसन्न र आनन्दित हुँदाहुँदै पनि उहाँले पुरस्कार लिन सक्नुभएन भनेपछि उहाँको वाध्यता निकै ठूलो रहेछ भन्ने हामीले वुझिदिनु पर्छ। त्यसैले म उहाँको सहृदयी चिठीका लागि धन्यवाद ज्ञापन गर्दछु !

☒ ☒ ☒

१. *यी पत्रहरू खण्ड पाँच: परिशिष्ट ग (४) मा दिइएको छ।*